अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१९ गते।

प्रेस विज्ञप्ति

विषयः नियन्त्रणमा लिइएको सम्बन्धमा ।

भूमि प्रशासन कार्यालय, मलंगवा, सर्लाहीका नायब सुब्बा निर्मल तिमलसिनाले मोही कायम भएका जग्गाहरू नामसारी गराउने कार्यका लागि सेवाग्राहीसँग घुस (रिसवत) माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज नायब सुब्बा निर्मल तिमलसिनालाई सेवाग्राहीसँग घुस (रिसवत) वापतको रू. १,००,०००।– (एक लाख रूपैयाँ) लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला सर्लाही, भूमि प्रशासन कार्यालयबाट मिति २०८३/०७/१८ गते नियन्त्रणमा लिई आज मिति २०८३/०७/१९ गते विशेष अदालतको आदेशबाट घुस (रिसवत) भ्रष्टाचारसम्बन्धी मुद्दामा म्याद थप भई अनुसन्धान कार्य अगाडि बढाइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने